**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

# भजनी नगरपालिका, कैलाली

# स्थानीय राजपत्र

खण्ड : ४ संख्या : १ प्रमाणीकरण मिति :- २०७७/०२/२८

प्रकाशन मिति :- २०७७/१०/२९

## भाग - २

## भजनी मेयर नमुना गाउँ कृषि कार्यक्रम संचालन कार्यविधि २०७७

प्रस्तावना : भजनी नगरपालिका अन्तर्गत कृषि व्यवसायलाई प्रतिस्पर्धी बनाई उत्पादनमा अभिवृद्धि गरी कृषि उपजको आन्तरिक माग पुर्ति गर्दै आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनका लागि कृषि पुर्वाधार, विउविजन, सिचाई, ढुवानी, कृषि उपज संकलन र बजार विकास गर्दै कृषकलाई एकिकृत रुपमा सेवा प्रदान गर्नका लागि भजनी नगरपालिकाको निती तथा कार्यक्रम अनुसार कृषक, कृषक समुह, समिति र सहकारीको सहकार्यमा स्थानीय तहमा **भजनी मेयर नमुना गाँउ कृषि कार्यक्रम संचालन** लाई पारदर्शी जवाफदेही, व्यवस्थित र प्रभावकारी ढंगले संचालन गर्न बान्छनिय भएकोले भजनी नगरपालिका कषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ को दफा ३६ बमोजिम भजनी नगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम **भजनी मेयर नमुना गाउँ कृषि कार्यक्रम संचालन कार्यविधि २०७७** रहेको छ ।

(२) यो कार्यविधि भजनी नगरपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) कार्यक्रम : भन्नाले भजनी मेयर नमुना गाउँ कृषि कार्यक्रम संचालन सम्झनु पर्दछ ।

(ख) कार्यक्रम निर्देशक समिति भन्नाले दफा ६ बमोजिम गठित समिति सम्झनु पर्दछ ।

(ग) कृषि व्यवसाय भन्नाले विभिन्न कृषि बाली वस्तु उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धी कार्य सम्झनु पर्दछ ।

(घ) स्थानीय तह भन्नाले भजनी नगरपालिका सम्झिनु पर्दछ ।

(ङ) भजनी मेयर नमुना गाउँ भन्नाले दफा ३ बमोजिमका मापदण्ड पुगेका कृषक समुह सम्झनु पर्दछ ।

(च) सम्बन्धित निकाय भन्नाले भजनी नगरपालिका सम्झनु पर्दछ ।

(छ) समुह समिति भन्नाले दफा ४ बमोजिम गठित समुह समिति सम्झनु पर्दछ ।

## परिच्छेद-२
## कार्यक्रमको कार्यक्षेत्र तथा व्यवसाय छनौट

**३. भजनी मेयर नमुना गाउँ कृषि कार्यक्रम छनौट मापदण्ड** : भजनी मेयर नमुना गाउँ कृषि कार्यक्रम छनौट गर्दा देहाय बमोजिमको मापदण्ड अवलम्बन गर्नु पर्नेछ ।

(क) कार्यक्रम दोहोरो नपरेको समुह तथा कृषि उद्योमी हुनुपर्नेछ ।

(ख) कृषि कार्यक्रम सञ्चालन गर्ने कम्तिमा ५० घरधुरी र ३० विघा जग्गा प्रमाणित हुने कागजात र कर तिरेको रसिद हुनुपर्नेछ । ऐलानी जग्गाको हकमा नगरपालिकालाई कर तिरेको प्रमाण पेश गर्नु पर्ने छ ।

(ग) वडा समितिको सिफारिस पत्र पेश गर्नु पर्ने छ ।

(घ) समुहको रित पुगेको निवेदन सहित अनुसुचि २ बमोजिमको प्रस्तावपत्र पेश गर्नु पर्ने छ ।

(च) व्यवसायीक रुपमा कृषि व्यवसाय सुरुवात गरेको समुहलाई वढी प्रथामिकता दिइनेछ ।

**४. समुह समिति :** (१ ) यस कार्यविधि बमोजिम छनौट भएको भजनी मेयर नमुना गाँउ कृषि कार्यक्रम संचालन तथा सहजिकरण गर्नका लागी बढीमा ७ सदस्यीय समुह समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समुह समितिमा कृषक, कृषक समुह तथा सहकारी संस्था, कृषक उद्यमिहरुबाट समानुपातिक प्रतिनिधित्वका आधारमा छानिएका व्यक्तिहरु मध्ये १ जना अध्यक्ष, १ जना उपाध्यक्ष, १ जना सचिव, १ जना कोषाध्यक्ष र ३ जना सदस्य रहनेछन ।

(३) यस दफा बमोजिम गठित समितिलाई भजनी नगरपालिका अर्न्तगत रहेको कृषि शाखामा दर्ता गनुपर्नेछ ।

(४) समितिको बैठक अध्यक्षको निर्देशनमा मिति, समय र स्थान तोकी सचिवले बैठक बोलाउनु पर्नेछ ।

(५) बहुमत सदस्यको उपस्थितिलाई बैठकको गणपुरक मानिनेछ ।

(६) समितिले आवश्यकता अनुसार विषय विशेषज्ञ आमन्त्रण गर्न सक्नेछन ।

(७) समितिको बैठक मासिक रुपमा अनिवार्य र आवश्यकतानुसार अन्य समयमा बैठक बस्नेछन ।

**५. समुह समितिको काम कर्तब्य र अधिकार** : दफा ५ बमोजिम गठित समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कार्यक्रम संचाालन गर्नका लागि कृषक परिवारहरुको पहिचान तथा तथ्याङ्क संकलन गर्न कृषि शाखालाई सहयोग गर्ने ।

(ख) कार्यक्रम संचालन गर्नका लागि आवश्यक उत्पादन सामाग्री र सोको परिमाणको अंकलन गर्ने ।

(ग) उत्पादन योजना तथा इष्टिमेट तयार गरी सम्बन्धित कृषि शाखामा पेश गर्ने ।

(घ) कार्यक्रम संचालन गर्नका लागि कृषकहरुका तर्फ बाट हुनुपर्ने लगानीको सुनिश्चितता गर्ने ।

(ङ) कार्यक्रम स्थलमा निर्माण हुने पूर्वधार विकास सम्बन्धि कार्यका लागि कृषि शाखा संग समन्वय गर्ने र,

(च) कार्यक्रम संचालनका लागि कृषि शाखाले माग गरेको अन्य सहयोग तथा सरोकारवाला निकाय संग समन्वय गर्ने ।

(छ) दफा १२ बमोजिमका उपकरण तथा भौतिक पूर्वाधारहरुको लगत राख्ने संरक्षण तथा सम्बर्धन गर्ने दायित्व समुह समितिको हुनेछ ।

६. **कार्यक्रम निर्देशक तथा छनौट समिति** : (१) कार्यक्रममा समुहको छनौट तथा प्रभावकारी कार्यन्वयनका लीाग देहाय बमोजिमको कार्यक्रम निर्देशक तथा छनौट समिति गठन गरिनेछ ।

| | |
|---|---|
| (क) नगर प्रमुख | -सयोजक |
| (ख) नगर उपप्रमुख | -सदस्य |
| (ग) प्रमुख प्रशासकिय अधिकृत | -सदस्य |
| (घ) आर्थिक विकाश समिति संयोजक | -सदस्य |
| (ङ) कार्यपालिकाले तोकेको नगर सभा सदस्य २ जना | -सदस्य (महिला-१,पुरुष-१) |
| (च) समितिले मनोनित गरेको व्यवसायीक कृषक मध्ये २ जना | -सदस्य (महिला-१,पुरुष-१) |
| (छ) कृषि शाखा प्रमुख | -सदस्य सचिब |

(२) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछ ।

(क) भजनी नगरपालिका कृषि शाखामा दफा ३ बमोजिम पर्न अएका निवेदनहरुको मुल्याङ्कन गरी सर्बोत्कृष्ठ समुहलाई कार्यक्रमको लागी छनौट गर्ने छ ।

(ख) संचालित कार्यक्रमलाई प्रभावकारी बनाउन अनुगमन मुल्याङ्कन गर्ने वा गराउने ।

(ग) कृषि शाखा तथा कार्यक्रम सञ्चालक निकाय बाट प्राप्त प्रतिबेदन अध्ययन गरी संचालित कार्यक्रमको प्रगति समिक्षा गर्ने र निर्देशन दिने ।

(घ) उत्कृष्ट कार्य सम्पादन गर्ने मेयर नमुना गाउँ लाई पुरस्कृत गर्ने ।

(ङ) तोकिएको प्रगति लक्ष्य सुचकांक नपुऱ्याउने मेयर नमुना गाउँ कृषि कार्यक्रम रद्ध गर्न निर्देशन दिने ।

(च) संचालित कार्यक्रमको सम्बन्धमा प्राप्त भएका गुनासो व्यवस्थापन गर्ने ।

(३) उपदफा १(ङ) बमोजिम मनोनित सदस्यको पदावधि ३ वर्षको हुनेछ ।

(४) उपदफा (१) बमोजिम गठित समितिको बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम हुनेछ ।

(क) समितिको बैठक सयोजकको निर्देशनमा सदस्य सचिवले मिति, समय, र स्थान तोकी बोलाउनु पर्ने छ ।

(ख) बहुमत सदस्यहरुको उपसिथतिलाई बैठकको गणपुरक संख्या मानिनेछ ।

(ग) समितिको बैठकको निर्णय बहुमतको आधारमा गरिनेछ ।

(घ) समितिले आवश्यकता अनुसार विषय विशेषयज्ञ वा सरोकारवालाहरुलाई बैठकमा आमन्त्रण गर्नसक्नेछ ।

(ङ) समितकिो बैठक सम्बन्धि अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

च) समितिको बैठक हरेक चौमासिकमा एक पटक र आवश्यकता अनुसार बस्नेछ ।

७. **लागत इष्टिमेट तथा सम्झौता** (१) दफा ६ बमोजिमको समितिले छनौट गरेका समुहको प्रस्तावलाई आवश्यक कागजात सहित सम्झौता भजनी नगरपालीका कृषि शाखाले ७ दिनको अवधि तोकी सुचना गर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकियको म्याद भित्र आएका  समुह संग अनुसुचि ३ बमोजिम ढाँचामा प्रचलित कानुन अनुसार सम्झौता गर्नुपर्नेछ ।

## परिच्छेद-३

## भजनी मेयर नमुना गाउँ कृषि कार्यक्रममा सञ्चालन गरिने क्रियाकलापहरु

**८. क्षमता विकास कार्यक्रम :** (१) सम्बन्धीत कृषि शाखाले समुह समितिको मागमा, कार्यक्रम क्षेत्र भित्रका कृषक, कृषक समुह, कृषि सहकारी संस्था, कृषि उद्यमि लगायत अन्य सरोकावालाको उपस्थितीमा कार्यक्रम संचालन सम्बन्धमा अभिमुखिकरण कार्यक्रम संचालन गर्नेछ ।

(२) कृषि शाखाले प्रत्येक मेयर नमुना गाउँ कृषि कार्यक्रम संचालन स्थलमा सम्बन्धित बाली, बस्तु उत्पादन प्रविधि, बजारिकरण, मूल्य श्रृंखला विकास लगायत विविध पक्षहरु समेटिने गरि स्थलगत तालिम कार्यक्रम संचालन गर्नेछ ।

९. एकीकृत घुम्ती प्रयोगशाला सेवा संचालन कृषि शाखाले  समुह समितिको माग अनुसार कार्यक्रम संचालन स्थलमा एकिकृत माटो, बीउ, बाली संरक्षण सेवा आदि उपलब्ध गराउन स्थलगत एकिकृत घुम्ती प्रयोगशाला सेवा संचालनमा ल्याउनेछ ।

**१०. उत्पादन समाग्री सहयोग** : (१) नमुना कार्यक्रम संचालन स्थलमा आवश्यक उत्पादन सामाग्री जस्तै बिउ, बेर्ना, विषदी, सुक्ष्म खाद्य तत्व, नर्सरी संरचना ग्रिन हाउस, नेट हाउस आदिमा ५० प्रतिशत अनुदान प्रदान गरिनेछ ।

**११. कृषि यान्त्रीकरण सहयोग :** (१) सम्बन्धित नमुना कार्यक्रम संचालन स्थलमा तोकीएको बालीमा यान्त्रीकरण प्रवद्वनका लागि उक्त वाली, बस्तु उत्पादन देखि भण्डारणसम्म आवश्यक पर्ने सबै प्रकारका मेशिन औजार उपकरणको सेट खरिदमा ५० प्रतिशत पुँजिगत अनुदान उपलब्ध गराउन सकिनेछ ।

**१२. प्रसोधन तथा बजारीकरण पुर्वाधार स्थापना सहयोग** (१) सम्बन्धित उत्पादन स्थलमा उत्पादन भएको कृषि बस्तुलाई बजारिकरणका लागि तयार गर्न भण्डारण गर्न, उत्पादन उपरान्तको क्षति न्युनिकरण गर्न, प्याकेजिङ्ग र ढुवानी गर्नका लागि आवश्यक संकलन केन्द्र, प्रसोधन केन्द्र, गोदाम घर, ग्रेडींग उपकरण लगाएतका उत्पादन उपरान्त आवश्यक पूर्वाधारहरुमा ५० प्रतिशत पुँजिगत अनुदान उपलब्ध गराईनेछ ।

**१३. साना सिचाई निमार्ण तथा मर्मत सम्भार सहयोग** : (१) नमुना कृषि गाँउमा सिचाइ सुविधा विस्तार, निमार्ण तथा मर्मत सुधारका लागि साना सिचाई कार्यक्रम संचालन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम साना सिचाई कार्यक्रम संचालन गर्दा प्राविधिक इष्टिमेटका आधारमा ५० प्रतिशत अनुदान प्रदान गरिनेछ ।

## परिच्छेद-४

## कार्यक्रमको अनुगमन, मुल्यांकन तथा प्रतिवेदन

**१४.** (१) नमुना गाँउ कृषि कार्यक्रमको अनुगमन गर्ने मुख्य जिम्मेवारी दफा ६ बमोजिमको समितिलाई हुनेछ।

(२) संचालित कार्यक्रम समितिले जुनसुकै बेलामा अनुगमन, निरिक्षण तथा निर्देशन गर्न सक्नेछ ।

(३) उपदफा १ र २ बमोजिम अनुगमन तथा निरिक्षण गरेको प्रतिबेदन कार्यपालिकामा बुझाउनु पर्नेछ ।

(४) कार्यविधि बमोजिम संचालित कार्यक्रमको सम्झौता बमोजिमको लागत इष्टिमेट अनुसार गुणस्तरिय काम नभएको वा आर्थिक अपचलन भएको लगायतका विषयमा उजुरी वा गुनासो प्राप्त भएमा समितिले जाँचबुझ गर्नु पर्नेछ । सो सम्बन्धी आवश्यक परेमा सम्बन्धीत विषय ज्ञान सहितको टोली गठन गरी जाँचबुझ गराउन सक्नेछ ।

(५) संचालित कार्यक्रमको नगरपालिकाको कार्यालयबाट सोझै अनुगमन तथा निर्देशन गर्न सक्नेछ ।

**१५. सार्वजनिक परिक्षण** : (१ ) समितिले सम्झौता बमोजिमको कार्यसम्पन्न गरिसके पश्चात कार्यक्रमको देहाय विधि प्रयोग गरि सार्वजनिक परिक्षण गर्नुपर्नेछ ।

(क) सार्वजनिक वा नागरिक सुनुवाई र

(ख) नगरपालिकाबाट उपलब्ध स्रोत बाट प्रस्तावनामा लेखिएको उपलब्धी हाँसिल भए नभएको सर्वेक्षण प्रतिवेदन

(२) सार्वजनिक परिक्षणमा समितिका प्रतिनिधिहरु, सम्बन्धित वडाका जनप्रतिनिधीहरु र आम सरोकारवालाहरुको उपस्थिति हुनु आवश्यक छ ।

**१६. कार्यक्रमको प्राविधिक मुल्याङ्कन जाँचपास र फर फारक :** (१ ) यस कार्यविधि बमोजिम सम्झौता अनुसारको कार्यसम्पन्न भई दफा १५ बमोजिम सार्वजनिक परिक्षण समेत सम्पन्न भएपछि समितिले संकलन विल भौचर लगायत आवश्यक विवरण कागजात सहित कृषि शाखा समक्ष भुक्तानीका लागि निबेदन पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निबेदन प्राप्त भएपछि कृषि शाखाले सम्बन्धित विषयका प्राविधिकहरुको टोली स्थलगत रुपमा खटाई लागत इष्टिमेट बमोजिम कार्य भएनभएको मुल्याङ्कन गरी अनुसुची ४ बमोजिमको ढाँचामा कार्यसम्पन्न प्रतिबेदन पेश गर्न लगाउनु पर्नेछ ।

(३) उपदफा २ बमोजिम औंल्याएको प्राविधिक टोलीले दफा १४ बमोजिम अनुगमन तथा निरिक्षणबाट औंल्याएको विषय कार्यन्वयन भए नभएको व्यहोरा समेत कार्य सम्पन्न प्रतिबेदनमा खुलाउनु पर्नेछ ।

(४) उपदफा २ बमोजिम खटिएको टोलीले पेश गरेको कार्यसम्पन्नको प्रतिबेदन, बिल भर्पाइ र कृषि शाखाले गरेको सिफारीसको आधारमा प्रचलित कानुन बमोजिम भजनी नगरपालिकाले समुहको बैंक खाता मार्फत अनुदान रकम भुक्तानी गर्नु पर्नेछ ।

## परिच्छेद-५
## विविध

**१७. प्रगति प्रतिबेदन** (१) यस कार्यविधि बमोजिम भएको काम कारवाहीको विवरण सहितको चौमासिक प्रतिबेदन समुह समितिले नगरपालिकालाई पठाउनु पर्नेछ ।

(२) कृषि शाखाले आर्थिक वर्ष समाप्त भएको २ महिना भित्र यस कार्यविधि बमोजिम संचाालन भएको कार्यक्रमको नगर स्तरमा प्रगति समिक्षा गर्नु पर्नेछ ।

**१८. कार्यक्रम रद्ध गर्न सकिने** : (१) नमुना कृषि गाउँमा आवश्यकता अनुसार लगातार ३ वर्ष सम्म कार्यक्रम संचालन गर्न सकिनेछ ।

(२) अनुसुची १ बमोजिमको मापदण्ड र प्रगति मुल्याङ्कन सुचकांक आधारमा कम्तीमा ५० प्रतिशत लक्ष्य प्राप्त गर्न नसक्ने गाउँको कार्यक्रम रद्ध गर्न सक्नेछ ।

**१९. पूर्वाधार तथा उपकरणहरु जपत गर्न सकिने** : अनुदान प्राप्त पूर्वाधार तथा उपकरणहरु निस्क्रिय राखेमा गैर कृषि कार्यमा प्रयोग गरेको पाइएमा वा सम्बन्धित कृषि शाखाको निर्देशन अनुसार नमुना कृषि कार्यक्रमको उद्देश्य प्राप्तिको लागि प्रयोग नगरेमा नगरपालिकाले सो पूर्वाधार तथा उपकरणहरु जफत गरी कार्यक्रम क्षेत्रका अन्य कृषक समुह वा सहकारी संस्था वा जल उपभोक्ता समुह वा कृषक उद्यमीलाई प्रदान गर्न सकिनेछ ।

**२०. लेखा तथा लेखा परिक्षण** : कार्यक्रम खर्चको लेखा ब्यवस्थापन तथा लेखा परिक्षण प्रचलित कानुन बमोजिम गर्नुपर्नेछ ।

**२१. निर्देशन दिन सक्ने** : यस कार्यविधि बमोजिम संचालित कार्यक्रमको कार्यन्वयनलाई पारदर्शी, जवाफदेही, ब्यवस्थित र  प्रभावकारी बनाउन कृषि शाखालाई समितिले निर्देशन दिन सक्नेछ ।

**२२. प्रचलित कानुन बमोजिम हुने** : (१) प्रचलित कानुनको सर्वमान्यतामा प्रतिकुल नहुने गरी यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यो कार्यविधी कार्यन्वयनमा आउनु भन्दा पहिला भएगरेका कार्यहरु यसै कार्यविधी  बमोजीम भएगरेको मानिनेछ ।

**२३. बाधा अड्काउ फुकाउने र संशोधन :** (१) यस कार्यविधिको कार्यन्वयनमा कुनै द्धुविधा उत्पत्ति भई कार्यन्वयन गर्न बाधा परेमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

(२) कार्यपालिकाले यस कार्यविधिमा प्रचलित कानुनको प्रतिकुल नहुने गरी आवश्यक संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

## अनुसुची १

### दफा ४ उपदफा २ संग सम्बन्धीत
### नमुना कृषि गाउँका अन्य मापदण्डहरु

| क्र.स. | बाली | आवश्यक न्युनतम क्षेत्रफल /संख्या |
|---|---|---|
| १ | खाद्यान्न बाली | ३० विघा |
| २ | तरकारी बाली | १० विघा |
| ३ | फलफुल बाली | १० विघा |
| ४ | च्याउ | २५० देखि ५०० डल्ला वा ३ टनेल |
| ५ | तेलहन/दलहन बाली | २० विघा |

# अनुसुची २

## दफा ९ उपदफा १ संग सम्बन्धीत
## प्रस्तावको ढाँचा
## कार्यक्रमको प्रस्ताव पत्र

| | |
|---|---|
| **क**) कार्यक्रमको समान्य परिचय | |
| आवेदक/समुहको नाम : | |
| ठेगाना : | |
| सम्पर्क व्यक्तिको नाम : | |
| टेलफोन न. : | |
| आबेदकको परिचय, अनुभव तथा संचालन गरिरहेका क्रियाकलापहरु | |
| यस कार्यक्रम अन्तर्गत संचालन गरिने प्रस्तावित क्रियाकलापहरु | |
| कार्यक्रमको जम्मा लागत रु. | |
| अनुदान माग गरेको रकम रु. | |
| कार्यक्रम संचालन गरिने स्थल | जिल्ला :<br>न.पा. : वडा नं. :<br>स्थान : |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **ख**) कार्यक्रमबाट लभान्वित हरुको विवरण | | | | | | | | | |
| लभान्वितको किसिम | | | संख्या | | | | | | |
| | | | कुल | पुरुष | महिला | दलित | जनजाती | भुमिहिन | अन्य |
| कृषक | | | | | | | | | |
| ब्यापारी | | | | | | | | | |
| **ग**) कार्यक्रम संचालन पश्चातप्राप्त हुने प्रतिफलहरु | | | | | | | | | |
| <br>२<br>३<br>४ | | | | | | | | | |
| **घ**) लागत साझेदारी | | | | | | | | | |
| सि.न | क्रियाकलापको नाम | इकाई | परिमाण | जम्मा लागत | आफ्नो लगानी | अनुदान | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| **ङ**) अनुमानित उत्पादन तथा विक्री आम्दानी | | | | | | | | | |

| सि.न. | उत्पादनको नाम | इकाई | परिणाम | दर | जम्मा उत्पादनको बजार मुल्य | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| **च**) कार्यक्रमको दिगोपना तथा निरन्तरता | | | | | | | | | |

## अनुसुची ३

## दफा १० उपदफा २ संग सम्बन्धीत

## लागत साझेदारी तथा सम्झौता पत्रको ढाँचा

भजनी नगरपालिका ....................र.............................बीच मेयर नमुना गाउँ कृषि कार्यक्रम अन्तर्गत .......................योजना संचालनका लागि भएको सम्झौता पत्र

भजनी नगरपालिका .......................यस पछि यस लिखितम प्रथम पक्ष भनिने र ..................यसपछि यस लिखितम दोस्रो पक्ष भनिने बीच आ.व. ..................को मेयर नमुना गाउँ कार्यक्रम अन्तर्गत ......................कार्यक्रम संचालनका लागि अनुदान उपलब्ध गराउने प्रयोजनाको लागि तपसिलका सर्तनामाहरु तथा लागत साझेदारीको अधिनमा रहने गरी द्धिपक्षीय सम्झौता गरिएको छ ।

सर्तनामाहरु

१. प्रथम पक्षले यस सम्झौता बमोजिमको कार्यक्रम संचालनका लागि जम्मा अनुदान रकम रु ................अक्षेरुपी रु.......... ....मात्र प्रदान गर्नेछ ।

२. कार्यक्रमको लागत साझेदारी तथा इष्टिमेट

| क्र.स. | विवरण | इकाई | परिमाण | दर | जम्मा रकम रु | कार्यलयको अनुदान रु | आबेदकको स्वलगानी रु |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| जम्मा रु | | | | | | | |

३. दोस्रो पक्षले संचालन गर्ने सम्पुर्ण क्रियाकलाप प्रथम पक्षको प्राविधिक रेखदेख र निर्देशन बमोजिम गर्नु पर्नेछ ।

४.दोस्रो पक्षले कार्यक्रम संचालन स्थलमा कार्यक्रम संम्बन्धी पुर्ण जानकारी झल्किने बोर्ड राख्नु पर्नेछ ।

५.प्रथम पक्षले जुनसुकै बेलामा पनि कार्यक्रमको अनुगमन तथा निरिक्षण गर्न सक्नेछ । सो क्रममा प्रथम पक्षले माग गरेको जानकारी दोस्रो पक्षले अनिवार्यरुपमा उपलब्ध गराउनु पर्नेछ ।

६.दोस्रो पक्षले सम्झौता बमोजिमको कार्य मिति ..................भित्र अनिवार्यरुपले सम्पन्न गरी भुक्तानीका लागि आवश्यक कागजात प्रथम पक्ष समक्ष पेश गर्नेछ ।

७. भुक्तानी सम्बन्धमा दोस्रो पक्षले प्रथम पक्षलाई आवश्यक कागजातहरु पेश गरिसके पश्चात प्रथम पक्षले स्थलगत निरिक्षण गरि तयार गरेको कार्य सम्पन्न प्रतिबेदनका आधारमा दोस्रो पक्षको बैंक खाता मार्फत भुक्तानी दिनेछ ।

८. दोस्रो पक्षले अनिवार्य रुपमा कार्यक्रमको समाजिक परिक्षण गराउनु पर्नेछ ।

९.यस सम्झौतामा उल्लेखित सर्तहरु दुबै पक्षका लागि समान रुपले मान्य तथा बन्धनकारी हुनेछ । दोस्रो पक्षले सम्झौताको सर्तहरुको पालना नगरेमा प्रथम पक्ष एकतर्फी रुपमा सम्झौता भंग गर्न बाध्य हुनेछ ।

१०. यस सम्झौतामा रहेकका सर्तहरु यसै बमोजिम र नपरेका कुराहरु प्रचलित नियम तथा कानुन बमोजिम हुनेछन ।

| | |
|---|---|
| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
| नाम : | नाम : |
| पद : | पद : |
| मिति : | मिति : |
| कार्यालयको छाप | कार्यालयको छाप |

## अनुसुची ४

## कार्यसम्पन्न प्रतिबेदनको ढाँचा

## दफा २१ उपदफा २ संग सम्बन्धीत नगरपालिका

## नगरकार्यपालिको कार्यालय भजनी

कृषि विकास शाखा भजनी ................................कार्यसम्पन्न प्रतिबेदन

योजनाको नाम खुद बढी भएको रकम रु

स्थान खुद घटी भएको रकम रु

सम्झौता मिति घटी बढी हुनुको कारण

कार्य सम्पन्न भएको मिति कार्य सम्पन्न हुनुपर्ने मिति

इष्टिमेट अनुसारको रकम रु कृषक/संस्थाको नाम

खुद कार्य भएबमोजिम को रकम रु सम्पकर्क ब्यक्ति/अध्यक्षको नाम

| क.स. | कार्यको विवरण | इकाई | लागत इष्टिमेट अनुसार | | | खुद काम भएको ( स्थलगत नापीअनुसार) | | | फरक | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | दर | रकम | परिमाण | दर | रकम | परिमाण | दर | रकम | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | कार्यालय अनुदान | | | | | | | |
| | | | | | स्वलगानी.........% | | | | | | | |

तयार गर्ने | काम गर्ने छाप | जाँच गर्ने | सदर गर्ने

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत